नि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९ | स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ | अंक २६६ | २०८० साल जेठ १५ गते सोमबार | (29 May 2023 Monday) | मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

*यस अंक भित्र :* २ पृष्ठमा : सबैले भन्दैनन्–'भत्ता खाबे करैछि त.. ३ पृष्ठमा : गणतन्त्र र जनताको ... ३ पृष्ठमा :सर्बियाका राष्ट्रपतिद्वारा...

## बहुविवाहका आरोपी कारागार चलान

**दैनिक समाचारदाता**
**राजविराज, १४ जेठ ।**

बहुविवाह गरेको आरोपमा पक्राउ परेका एक आरोपीलाई आइतबार अदालतले पूर्पक्षका लागि कारागार चलान गरेको छ ।

सप्तरी जिल्ला अदालतका न्यायधिश डा. राजेन्द्र कुमार आचार्यको आदेशले झापाको कुमरखोद गाउँपालिका ९ पुख्यौंली घर भई हाल सुनसरीको इटहरी उपमहानगरपालिका ७ बस्दै आएका ३९ वर्षिय रन्जित कुमार झालाई पूर्पक्षका लागि राजविराज कारागार चलान गरिएको हो ।

२०६७ साल माघ ५ मा उनले रौतहटको गौर नगरपालिका १ की बन्दना कुमारी झासँग हिन्दु रितिरिवाज अनुसार विवाह गरेका थिए । दुई सन्तानका बाबु रन्जितले सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका १ की २८ वर्षिया दुर्गा झासँग २०७९ माघ ५ मा दोश्रो विवाह गरेपछि जेठी श्रीमती ३६ वर्षिया बन्दनाले प्रहरीमा बहुविवाहको उजुरी दिएकी थिइन् ।



बहुविवाहका आरोपी सुनसरीको इटहरी उपमहानगरपालिका ७ का ३९ वर्षिय रन्जित कुमार झालाई पक्राउ पछि अदालततर्फ लगिदै । *तस्बिर : राजविराज दैनिक*

उजुरी बारे जानकारी प्राप्त भएपछि रन्जित कान्छी श्रीमती दुर्गालाई लिएर भागे । दुर्गा भने अझै फरारै रहेको र खोजिकार्य भइरहेको प्रहरीको भनाई छ ।

विवाहित पुरुषले बैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्न नहुने कानुनी ब्यवस्था रहेको तथा रन्जितले कान्छी श्रीमती भित्राएपछि आफ्नो बिचल्ली भएको भन्दै बन्दना न्यायका लागि प्रहरी हुँदै अदालतको शरणमा पुगेकी थिइन् ।

रन्जित र दुर्गा बिरुद्ध परेको बहुविवाह मुद्दामा थुनछेक बहसपछि कारागार पठाउने आदेश भएको थुनछेक बहसमा पीडित बन्दनाको तर्फबाट बहस पैरवी गरेका अधिवक्ता डोमन साहले बताए । बन्दनाको तर्फबाट साहको साथै अधिवक्ता महेन्द्र साह र जिल्ला न्ययाधिवक्ता मो. मुन्नाले पनि बहस पैरवी गरेका थिए ।

मुद्दा दर्ता भएलगत्तै फरार रहेका रन्जितलाई दुई दिनअघि शुक्रबार प्रहरी र स्थानियवासीको मद्दतले सुनसरीको इटहरीस्थित आफ्नै घरमा लुकीबसेको अवस्थामा पक्राउ गरिएको पीडित बन्दनाका भाई बिपेन्द्र कुमार झाले बताए । मुलुकी सहितामा बहुविवाह गरेको ठहर भए एकदेखी तीन वर्षसम्म कैद हुने प्रावधान छ ।

## रेशम चौधरीसहित १९ जनाको कैद सजाय माफ

**दैनिक समाचारदाता**
**काठमाडौं, १४ जेठ ।**

रेशम चौधरीसहित १९ जनाको कैद सजाय माफ गरिएको छ । नेपाल सरकार मन्त्रिपरिषद्को जेठ १२ र १४ गते बैठकको सिफारिस अनुसार राष्ट्रपति रामचन्द्र पौडेलले आइतबार सो निर्णय गरेका हुन् ।

राष्ट्रपति कार्यालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'टोपबहादुर बुढा समेतका १९ जना व्यक्तिहरूलाई विभिन्न अदालतबाट विभिन्न मितिमा भएका फैसलाबमोजिम लागेको कैद सजाय नेपालको संविधानको धारा २७६ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९ बमोजिम गणतन्त्र दिवस, २०८० को उपलक्ष्यमा माफी भएको छ ।'

त्यस्तै, राष्ट्रपति पौडेलले मन्त्रिपरिषद्को जेठ १२ को बैठकको सिफारिसमा जेठ १५ गते देखि लागू हुने गरी रमेश थलङ भन्ने हेमबहादुर थलङ/लिम्बूसमेतका ४७५ जना र ज्येष्ठ नागरिक उदय नारायण गिरीसमेतका ७ जना गरी कुल जम्मा ४८२ जना कैदीहरूको भुक्तान हुन बाँकी कैद सजाय माफ गरेका छन् ।

नेपालको संविधानको धारा २७६, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ तथा ज्येष्ठ नागरिक ऐन, २०६३ को दफा १२ बमोजिम गणतन्त्र दिवस, २०८० को अवसरमा माफी दिएको हो ।

रेशम चौधरी २०७२ साल भदौमा कैलालीको टिकापुरमा थरुहट आन्दोलनका क्रममा ७ जना सुरक्षाकर्मी र एक नाबालकसहित ८ जनाको मृत्यु भएको घटनामा जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतबाट दोषी ठहर भएका थिए । उनलाई तीनै तहको अदालतले जन्मकैदको सजाय हुने फैसला सुनाएको थियो ।



## सम्पादकीय

### जनताको काँधमा अहम जिम्मेवारी

मुलुकमा संघीय गणतन्त्र स्थापना भएको आज १५ वर्ष पुरा भएको छ । यस अवधीमा मुलुकमा पहिचानका लागि धेरै ठूलो साना आन्दोलनहरु भएसँगै परिवर्तन पनि धेरै भए । ती आन्दोलन पश्चात् आज हामी संघीय गणतन्त्र देख्न पाएका छौं । राजतन्त्रबाट संवैधानिक राजतन्त्र हुँदै नेपाल संघीय गणतन्त्रमा आइपुगेको छ । गणतन्त्र भनेको त्यो शासन व्यवस्था हो जहाँ सार्वभौमसत्ता जनताको हातमा र उनीहरुले चुनेर पठाएका प्रतिनिधिमा हुन्छ ।

यस प्रणालीमा निर्वाचित या मनोनीत राष्ट्रपति प्रमुख हुन्छ । विगत चार दशकमा नेपालमा ठूलो राजनीतिक परिवर्तन आएको छ । ऐन कानुन पनि नयाँ बन्नुका साथै पुराना पनि संशोधन भएका छन् । विशेष गरेर नयाँ ऐन कानुन बन्दा र संशोधित हुँदा महिला, सिमान्तकृत समुदाय, वृद्ध, अपाङ्गतासहितका व्यक्तिका साथै यौनिक अल्पसंख्यकमैत्री बनाइएका छन् । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले समावेशी समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गरेपछि वडा तहदेखि सबै ठाउँमा महिला, दलित महिला र अल्पसङ्ख्यकको समेत प्रतिनिधित्व हुन थालेको छ । सोही व्यवस्थानुसार 'स्थानीय तह निर्वाचन ऐन-२०७३' ले स्थानीय तहका प्रमुख/उपप्रमुख र अध्यक्ष/उपाध्यक्ष एक पद र वडामा निर्वाचित पाँचमध्ये एक जना खुलाबाट महिला र एक जना दलित महिला अनिवार्य गरेको छ, जसका कारण स्थानीय तह निर्वाचन २०७९ अनुसार देशभरका वडाहरुमा ६ हजार ६ सय २० जना दलित महिलाको प्रतिनिधित्व रहेको छ ।

समय समयमा गणतन्त्रलाई धरापमा पार्ने निकै योजनाहरु असफल पनि भए । तसर्थ हामीले प्राप्त गरेको यी परिवर्तनहरुलाई स्थापित गर्न अझै धेरै प्रयासका साथै खबरदारी गर्नु पनि अतिआवश्यक छ । जसका लागि मुलुकमा राजनीतिक दल र जनताको काँधमा यसको अहम जिम्मेवारी थपिएको छ ।

# सबैले भन्दैनन्-'भत्ता खाबे करैछि त कथि पुछै छि'

**टीकाराम सुनार र चन्दन ठाकुर**
जनकपुरधाम, १४ जेठ (रासस) ।

विसं २०६५ जेठ १५ गते संविधानसभाको पहिलो बैठकले नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक देशका रुपमा घोषणा ग¥यो । सोही दिनबाट वंश परम्पराका आधारमा शासन गर्ने करिब दुई सय ३८ वर्षे इतिहास बोकेको एकात्मक शासन व्यवस्था अन्त्य भयो । त्यही जगमा बनेको नेपालको संविधानअनुसार अहिले देशमा सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहका सरकार छन् । ती तीनै तहमा समावेशी लोकतन्त्रको मान्यतानुरुप समानुपातिक प्रतिनिधित्वको व्यवस्था छ । फलस्वरुप जनताको सबैभन्दा नजिकको सरकारका रुपमा रहेका स्थानीय तहका छ हजार सात सय ४३ वडामा दलित महिलाको पनि प्रतिनिधित्व छ ।

कतिपय अवस्थामा यो प्रतिनिधित्व 'देखाउनका लागि मात्रै' भनेर आलोच्य भइरहे पनि विस्तारै 'अर्थपूर्ण प्रतिनिधित्व' हुनेगरी सुधार हुँदैछ । "बजेट बजेट अबैछै, हम्रा सबसे पुचताछ नहि करैछै । जब साइन कराब अबैछै त पुछि छि यै कथि के साइन कराबै छि, तब ओ कहैछै कथि पुछै छि, अहा कथि जनैछि, भत्ता खाबे करैछि त कथि पुछै छि", सर्लाहीको पर्सा गाउँपालिका-२ का कार्यपालिका सदस्य सुनिता पासवानले सुरुसुरुमा यस्तै कथन सुन्नुपर्थ्यो । उहाँलाई निर्णय पुस्तिकामा हस्ताक्षर गराइन्थ्यो तर किन हस्ताक्षर गराइएको भनेर सोध्दा तिमीलाई के आउँछ र सोध्छौं ? भन्ने जवाफ फर्काइन्थ्यो ।

सामान्य अक्षर मात्रै चिन्ने सुनितालाई लिखितम् बेहोरा अरुले नै भनिदिनुपर्थ्यो तर अक्षर चिन्ने र निर्णय प्रक्रियामा बोलबाला भएकाले हरेक निर्णयबारे जानकारी दिन आवश्यक ठान्दैनथे । अहिले भने परिस्थिति केही बदलिएको छ । समयक्रमसँगै सुनितामा आफू पनि जनप्रतिनिधि हुँ भन्ने भावनाका साथ हरेक कुरामा प्रश्न गरिरहने जाँगर थपिएको छ । जवाफ दिनुपर्नेले मुख्यमुख्य निर्णय, स्थानीय क्षेत्रमा हुने लक्षित समूह केन्द्रित गतिविधि र हस्ताक्षर गर्ने प्रयोजनका विषयमा जानकारी दिन थालेका छन् ।

"वडा कार्यपालिका सदस्य छि कौन बजेट कहाँ चलैल, कै कि चललकै नैचललकै कोनो पत्ता नहि दै छै, खाली साइन करावै छ भनेर कुरा राख्दा सुरुसुरुमा झर्किन्थे । जवाफ दिन नपरे हुन्थ्यो सोच्थे । भत्ता खानैका लागि जनप्रतिनिधि भएको त हो नि भनेजस्तो व्यवहार गर्थे तर मैले बोल्न, सोध्न, जानकारी माग्न त छोड्नुभएन नि ! वडाका काम मैले नै थाहा नपाए मैले प्रतिनिधित्व गर्ने समूहलाई के जानकारी दिने ? अवस्था धेरै नसुध्रिए पनि परिवर्तन हुँदैछ", सुनिताले निर्धक्क भन्नुभयो ।

जनकपुरधाम उपमहा नगरपालिका-१ धनुषाका वडा सदस्य सतियादेवी सदा पनि अरुले के भन्लान् भनेर आफ्नो कुरा भन्न लजाउनु हुन्न । आफूले जाने बुझेको र भन्नुपर्ने कुरा फरक लवजमै भए पनि सुनाउनुहुन्छ । "महिनामा तीन पटक बैठक बस्छ, सबैजसो बैठकमा उपस्थित भएर आफ्ना कुरा राख्छु, दलित महिला र लक्षित समूहका लागि छुटयाइएका कार्यक्रम तथा बजेटबारे सोध्छु । बिग्रिन्छ कि भनेर चुप लागेर त भएन नि", उहाँ भन्नुहुन्छ, "अहिले बजेट, कार्यक्रम र योजनाका बारेमा हामीसँग पनि छलफल गर्छन् । हामीले राखेका योजनामा मागेजति बजेट नदिए पनि जति सकिन्छ त्यति दिन्छन् ।"

जनकपुरधाम उपमहा नगरपालिका-१४ का वडा सदस्य सुमित्रामणि महराले पनि अघिल्लो कार्यकालमा महिला, दलित महिलाको प्रतिनिधित्वलाई दिएर धेरै टीकाटिप्पणी र असहयोगका कुरा सुनिए पनि अहिले त्यस्तो नरहेको सुनाउनुभयो । "दलित महिला जनप्रतिनिधि पढेको हुँदैनन्, बोल्न जान्दैनन्, हस्ताक्षरमा मात्रै भूमिका सीमित छ भन्ने गरेको मैले पनि सुन्दै आएको हो तर अहिले अवस्था फेरिँदै छ", महराले भन्नुभयो, "नेतृत्व विकास एकैपटक हुँदैन । सदियौँदेखि अवसरबाट बञ्चित भएका एकैपटक जान्ने हुन्छन् भन्ने पनि होइन । मधेसी दलित महिलाले प्रतिनिधित्वको अवसर पाएको पनि कति नै भयो र ? नेतृत्व क्षमता विकास गर्दैछौँ । बोल्न सक्छौँ, भन्न सक्छौँ र प्रतिवाद गर्न सक्छौँ ।"

सर्लाहीको कविलासी नगरपालिका, नगरकार्यपालिका सदस्य इंकु महराले सुरुमा धेरै जानकारी नभए पनि सहकर्मीसँग समन्वय र सहकार्य गरेर धेरै कुरा सिक्न पाएको बताउनुभयो । उहाँले आफ्नो अधिकारक्षेत्रबारे जानकारी लिएर बोल्न थालेमा नेतृत्व गर्नेले पनि छलफल, सल्लाह गर्न बाध्य हुने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "सबै कुरा जानेका छैनौँ । सिक्नुपर्ने धेरै छ । सिक्दैछौँ, यो अवसर र अधिकारको सही उपयोग गर्छौं । यसमा सबैको सहयोग पनि रहनुपर्छ ।"

सप्तरीको खडग नगरपालिका-५ का वडा सदस्य जत्रीदेवी सदाले पनि आफ्नो अधिकार, महत्व र जिम्मेवारीका विषयमा सचेत हुँदै गएपछि विस्तारै सहभागितामूलक कामकारबाही हुँदै जाने बताउनुभयो । उहाँले विस्तारै सिक्दै र सुधार्दै जानुपर्छ भन्ने कुरा सबैले महसुस गरेको धारणा राख्नुभयो । "हामी बोल्नसक्ने हुँदैछौँ । कार्यक्रम बनाउँदा, बजेट बाँडफाँट गर्दा आवाज उठाउन थालेका छौँ । अरुले पनि अस्तित्व स्वीकार्न थालेका छन् । यो पनि त राम्रो पक्ष हो नि !", सदाले भन्नुभयो ।

सप्तरीको कनकपुरकी मानदेवी सदा अहिले दोस्रो पटक जनप्रतिनिधिका रुपमा काम गरिरहनुभएको छ । उहाँ सुरुङ्गा नगरपालिका-४ को वडा सदस्य हुनुहुन्छ । उहाँलाई हस्ताक्षर गर्नेबाहेक पढ्न लेख्न आउँदैन तर पनि पहिलो कार्यकालको अनुभवका आधारमा अहिले काम गर्न सहज भएको छ । "पहिलो कार्यकालमा त नयाँ अनुभव थियो । पढेलेखेको नभएर धेरै कुरा बुझ्न सक्थेन । तैपनि नियमित बैठकमा जान्थे । जानेको कुरा भन्थे", उहाँले सुनाउनुभयो, "यो कार्यकालको एक वर्ष बितेको छ । महिनामा हुने तीन वटा बैठक, अरु बेला हुने भेला छलफलमा जान्छु, कुरा सुन्छु, के के भयो भनेर चासो राख्छु, आफ्नो कुरा भन्छु । निर्णय त उहाँहरुले गर्नुहुन्छ ।"

अघिल्लो कार्यकाल सङ्घीयताको पहिलो अभ्यास र अनुभव थियो । धेरैतिर धेरै समस्या, प्रश्न र जिज्ञासा थिए । त्यसका बाबजुत स्थानीय तहमा एकैपटक छ हजारभन्दा बढी भुइँतहका दलित महिलाको उपस्थिति आफैँमा ठूलो उपस्थिति र क्रान्ति थियो । दोस्रो कार्यकालमा आइपुग्दा त्यो उपस्थितिलाई अर्थपूर्ण बनाउनुपर्ने दबाब र आवश्यकता दुवै छ । अधिकारकर्मी दुर्गा शोवले पनि दलित महिलाको अर्थपूर्ण सहभागिताका सवालमा थुप्रै समस्याका बाबजुत समस्यासँग जुध्ने क्षमता विकास हुँदै गएको बताउनुभयो ।

उहाँले जनप्रतिनिधिको क्षमता, व्यक्तित्व विकास र निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिताका लागि भने थुप्रै काम गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । "पहिलो कार्यकालमा समस्या थिए तर त्यससँग जुध्ने तयारी र क्षमता थिएन । अहिले समस्या भए पनि त्यससँग जुध्ने क्षमता पनि विकास हुँदै गएको छ, यो राम्रो पक्ष हो", शोवले भन्नुभयो, "सदियौँदेखि शासनको मूल प्रवाहमा आउन नसकेका महिला र त्यसमा पनि दलित महिलाको उपस्थितिका बारेमा धेरै आलोचना अपरिपक्व र निकै हतार हुन्छ । बरु उहाँहरुको क्षमता विकासका लागि थप पहलकदमी र सहजीकरणको खाँचो छ ।"

दलित महिला सङ्घ (फेडो) का अध्यक्ष कला स्वर्णकार पनि महिला तथा दलित महिला जनप्रतिनिधिहरुलाई नीति निर्माण, योजना, कार्यक्रम छनोट तथा बजेट बाँडफाँट प्रक्रियाका बारेमा जानकारी दिनसके उहाँहरुको भूमिका थप प्रभावकारी हुने धारणा राख्नुहुन्छ । "सातै प्रदेशमा दलित महिला सम्मेलन गर्ने क्रममा पाँच प्रदेशमा पुग्यौँ । अरु माध्यमबाट स्थानीय जनप्रतिनिधिसँग जोडिरहेका छौ । नयाँ व्यवस्था भएकाले समस्या छन् तर निरन्तर सुधार पनि हुँदैछ । अघिल्लो कार्यकालभन्दा पक्कै पनि अहिलेको कार्यकाल केही फरक होला । जनप्रतिनिधिको अधिकार, भूमिका, नीति, योजना तथा बजेट निर्माण र त्यसको कार्यान्वयन प्रक्रिया एवम् पद्धतिका बारेमा जानकारी दिनसके त्यो भूमिका थप बढ्नसक्छ । यसतर्फ ध्यान दिँदै गाउँपालिका, नगरपालिका महासङ्घ, राजनीतिक दल आफैँले पनि केही पहलकदमी लिन जरुरी छ", स्वर्णकारले भन्नुभयो ।

त्यसैगरी अधिकारकर्मी एवं फेडोका महासचिव रेणु सिजापतिले अहिले पनि कतिपय ठाउँमा दलित महिला जनप्रतिनिधिको अस्तित्व नस्वीकार्ने, विभेद् गर्ने, घरमै गएर हस्ताक्षर गराउने जस्ता समस्या रहे पनि धेरै ठाउँमा सुधारका संकेतहरु देखिँदै गएको बताउनुभयो ।

उहाँले अवसर दिएमा जिम्मेवारी निभाउन सकिन्छ भन्ने भाष्य निर्माण हुँदै गएको तर यसमा थप सहजीकरण र नेतृत्व विकासको आवश्यकता भने खड्किरहेको धारणा राख्नुभयो । सिजापतिको भनाइ छ, "सबैको स्तर एउटै हुन्छ भन्न सकिँदैन । कार्यपालिका सदस्यहरुले आफूलाई प्रमाणित गर्दै जानुभएको छ तर वडा सदस्यको हकमा सशक्तीकरण कार्यक्रमको आवश्यकता छ । समस्या छन् तर दलित महिला राजनीतिक क्रियाकलाप र पार्टीमा जोडिन थालेका छन् । नेतृत्वमा रहेका आफूलाई प्रमाणित गर्दै जानुपर्छ भन्ने दबाबमा हुनुहुन्छ र अरु महिलाहरुले अर्को पटक नेतृत्व गर्ने गरी आफूलाई अहिलेदेखि नै तयार गर्न थाल्नुभएको छ, यो पनि राम्रो सङ्केत हो ।"

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले समावेशी समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गरेपछि वडा तहदेखि सबै ठाउँमा महिला, दलित महिला र अल्पसङ्ख्यकको समेत प्रतिनिधित्व हुन थालेको छ । सोही व्यवस्थानुसार 'स्थानीय तह निर्वाचन ऐन-२०७३' ले स्थानीय तहका प्रमुख/उपप्रमुख र अध्यक्ष/उपाध्यक्ष एक पद र वडामा निर्वाचित पाँचमध्ये एक जना खुलाबाट महिला र एक जना दलित महिला अनिवार्य गरेको छ, जसका कारण स्थानीय तह निर्वाचन २०७९ अनुसार देशभरका वडाहरुमा छ हजार छ सय २० जना दलित महिलाको प्रतिनिधित्व रहेको छ ।

मधेस प्रदेशसभा सदस्य ललिता दासले विगतमा भएका आन्दोलन, जनआन्दोलन जनयुद्ध, मधेश विद्रोह लगायतको उपलब्धिका रुपमा समानुपातिक प्रतिनिधित्वको अभ्यास सुरु भए पनि त्यसलाई संस्थागत गर्न नसएिको बताउनुभयो । समानुपातिक प्रतिनिधित्व वा आरक्षण विगतका उत्पीडनहरुको क्षतिपूर्ति हो भन्ने स्थापित गर्न नसक्दा व्यवस्थामाथि नै चुनौती थपिन थालेको उहाँको बुझाइ छ । "गणतन्त्र आइसकेपछि केही हदसम्म समावेशी प्रतिनिधित्वको सुनिश्चिता त भयो तर वडा सदस्य वा आरक्षित जनप्रतिनिधिका रुपमा मात्रै सीमित गराउने प्रयत्न भइरहेका छन् । कार्यकारी अधिकार प्रयोग गर्ने ठाउँ, समिति, सरकार वा अरु निकायमा दलले समावेशी प्रतिनिधित्वका लागि देखाएको व्यवहार चिन्ताजनक छ", उहाँले भन्नुभयो ।

सरिता, सतियादेवी, सुमित्रामणी, जत्रिदेवी र मानदेवी त प्रतिनिधि पात्र मात्रै हुनुहुन्छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालकै देनका रुपमा उहाँहरुजस्ता हजारौं सीमान्त आवाज र भूईँमान्छेहरुले शासन सञ्चालनमा आफ्नो उपस्थिति जनाउँन पाएका छन् । युगौँदेखिको उत्पीडन र सिमान्तीकरणपछि भएको यो उपस्थितिलाई केही वर्षमै सम्पूर्ण रुपमा मूल्यांकन गर्न सकिँदैन तर कमिकमजोरी सुधार्दै प्रतिनिधित्वलाई अर्थपूर्ण र थप प्रभावकारी बनाउन सबैको असल प्रयत्न हुनुपर्ने आवाज सबैतिर सुनिन थालेको छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# गणतन्त्र र जनताको लडाईं

**नम्रता शर्मा**
काठमाडौं, १४ जेठ (रासस)।

दक्षिण एशियाली मुलुकमा वाक स्वतन्त्रता र खुलारुपमा मानवअधिकारसम्बन्धी सभासम्मेलन गर्ने मुलुक मध्यनेपाल र श्रीलङ्का अगाडि पढ्छन्। विश्वकै पुरानो र ठूलो गणतान्त्रिक मुलुक भारतमा समेत भोलि यस्ता सभासम्मेलन गर्न सङ्घ संस्थान हिचकिचाउँछन्। नेपाल र नेपालिका लागि यो गर्व गर्ने कुरा हो। हालै प्रेस स्वतन्त्रता दिवसको कार्यक्रममा भारतको द वायरका सम्पादक सिद्धार्थ वर्धराजनले काठमाडौं दक्षिण एशियाको सम्मेलन गर्ने र मानवअधिकारको खुलारुपमा वार्तालाप गर्न आउने थलो भएको धारणा राखेका थिए। सङ्घीय गणतन्त्र नेपालका लागि यो एक खुसी र गर्वको कुरा हो। यो सत्यतालाई आत्मसात गर्दा हामीले वास्तवमा नेपालमा सङ्घीय गणतन्त्र सफल भयो त भनेर आपसमा पस्न र छलफल गर्ने समय भने आएको छ।

एक सय चार वर्षको एकतान्त्रिक राणाशासन, ३० वर्षको राजतन्त्रात्मक पञ्चायती शासनको अन्तः गरेर २०४६ सालमा नेपालमा प्रजातन्त्र पुनःस्थापना भएको थियो। त्यसपश्चात् नेपालमा एकदलीय पञ्चायती व्यवस्थाको अन्तः भएर बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्र स्थापना भयो। तर प्रजातन्त्रको संस्थागत गर्ने क्रममा नेपालमा धेरै सङ्घर्ष नै राख्यो। विसं २०५८ जेठ १९ गते तत्कालीन राजा वीरेन्द्रको वंश हत्या भएको पाँच वर्षपछि २०६३ जेठ १९ गतेको उही दिन पारेर नेकपा (माओवादी) ले खुलामञ्चको सेरोफेरो मा विशाल शक्ति प्रदर्शन गरेर राजाको समारोह स्थल सैनिक मञ्चलाई कब्जामा लिएको ऐतिहासिक दिन नेपालको इतिहासमा एक महत्वपूर्ण दिनका रुपमा अङ्कित भएको छ। त्यो क्षणका तस्विर अझै आँखा सामुन्ने झलझल आउँछ। विसं २०६२/६३ को जनआन्दोलनको जगमा भएको निर्वाचनबाट गठित संविधानसभाको पहिलो बैठकले २०६५ जेठ १५ गते नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरेको थियो। २३८ वर्ष लामो शाह वंश राजपरम्पराको अन्तको घोषणा भएको उक्त दिनलाइ प्रत्येक वर्ष गणतन्त्र दिवसका रूपमा मनाउन थालिएको छ।

राजतन्त्रबाट संवैधानिक राजतन्त्र हुँदै नेपाल सङ्घीय गणतन्त्रमा आइपुगेको छ। गणतन्त्र भनेको त्यो शासन व्यवस्था हो जहाँ सार्वभौमसत्ता जनताको हातमा र उनीहरुले चुनेर पठाएका प्रतिनिधिमा हुन्छ। यस प्रणालीमा निर्वाचित या मनोनीत राष्ट्रपति प्रमुख हुन्छ राजा हुँदैन। गणतान्त्रिक मुलुकमा देशको प्रशासन एक सार्वजनिक मुद्दाका रुपमा हेरिन्छ, कुनै शासकको निजी मामिलाका रुपमा होइन।

जनताले गणतन्त्रको नारा लगाएर राष्ट्रिय सहमतिको चाहना प्रदर्शन गर्दै यसको माग गरेर देशमा गणतन्त्र ल्याएको १५ वर्षपछि अहिले सङ्घीय गणतान्त्रिक नेपालमा नेपाली नागरिकलाई नै अनागरिक बनाएर मानव तस्करीको आरोपमा यही प्रणाली स्थापना गर्ने धेरै नेताहरुको नाम मुछिन पुगेको छ, जुन यो मुलुकका लागि विडम्बना हो। जुन उत्साह, उमङ्ग र आकाङ्क्षाले नेपाली जनताले गणतन्त्रको स्थापना गरेको थियो, आजको अवस्था हेरेर जनताले आवाज उठाउन थालेको छ जनताको राज भएको प्रणालीमा जनताको आँखामा छारो हाल्नुको साटो जवाफ र न्याय चाहियो भनेर।

नेपालको इतिहासमा जब क्रान्तिले निर्णायक मोड लिनुपर्ने बेला हुन्छ, तब क्रान्तिलाई कुल्चन देशी विदेशी प्रतिक्रियावादीको षड्यन्त्रात्मक साठगाँठमा हुने प्रचलन भएको पाइन्छ। यस्तै विभिन्न कडी पार गरेर गणतन्त्र भने स्थापना भएरै रह्यो। अब यो प्रणालीलाई उखाड्न या विथोल्न भने दिन हुँदैन। हालको आरोपित भ्रष्टाचार र मानव तस्करीको काण्डले नेपाललाई देशभित्र र बाहिर हल्लाइदिएको छ। यस्तो अवस्थामा, नेपाली जनताले देशको सार्वभौमसत्ता जोगाउन गरेको विगतका ऐतिहासिक क्षण सम्झन जरूरी छ। आफ्नो ज्यानलाई जोखिममा राखेर पनि देश र जनताको हकहितको रक्षा गर्न नेपाली जनता सदैव तत्पर रहेका उदाहरण धेरै छन्। अहिले पनि सडक र सदन दुवैमा आवाज उठिरहेको छ। गणतन्त्रमा देशको मामिला भनेको सार्वजनिक मामिला हो त्यसैले शासकले, चाहे त्यो जनताले चुनेरै पठाएका भए पनि, देशको मामिलालाई लुकाउन पाईदैन। यो खुलारुपमा जनतासमक्ष राख्नुपर्छ। ओहोदामा जति माथि र शक्तिशाली भए पनि न्यायको कठहरामा सबैलाई ल्याएर गणतन्त्रको सही मान्यतालाई जोगाउन जरूरी छ।

विगत चार दशकमा नेपालमा ठूलो राजनीतिक परिवर्तन आएको छ। ऐन कानुन पनि नयाँ बन्नुका साथै पुराना पनि संशोधन भएका छन्। विशेष गरेर नयाँ ऐन कानुन बन्दा र संशोधित हुँदा महिला, सिमान्तकृत समुदाय, वृद्ध, अपाङ्गतासहितका व्यक्तिका साथै यौनिक अल्पसङ्ख्यकमैत्री बनाइएका छन्। यस्ता ऐन कानुनमा सुधार गर्नुपर्ने ठाउँ धेरै छन्। तर हकअधिकारबाट वञ्चित भएका नेपालीलाई यस्ता ऐनमा टेकेर आफ्नो संवैधानिक अधिकार सुनिस्चित गर्ने प्रणालि स्थापना भएको छ। शिक्षा स्वास्थ्य र सरकारी कार्यालयको कार्यपदमा महिला र सिमान्तकृत समुदायका लागि विषेश आरक्षणको व्यवस्था पनि भएको छ। यसले लैङ्गिक र सामाजिक विभेद कम गर्नमा सहायता भएको छ। घरेलु हिंसा, गर्भपतनको अधिकार, पैत्रिक सम्पत्तिमा समान अधिकार स्थापित भएको छ। नेपालको संविधानले नेपाली जनतालाई राजनीतिक व्यवस्थामा सबैलाई समेटन प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था गरेको छ र साथै सरकारको हरेक प्रमुख र उपप्रमुखमा महिला, पुरुष र विभिन्न समुदायको समानुपातिक प्रतिनिधित्वको व्यवस्था पनि गरेको छ। यी सबै सकारात्मक र जनआन्दोलनका साथै गणतान्त्रिक मुलुकलाई सुहाउँदो व्यवस्थाहरु हुन्।

सङ्घीय गणतान्त्रिक नेपालको पहिलो निर्वाचनमा यही निर्वाचन व्यवस्थाले गर्दा स्थानीय चुनावमा प्रमुख र उपप्रमुख गरेर ४६ प्रतिशत महिला प्रतिनिधित्व चुनिएका थिए र सदनमा ३३ प्रतिशत। यो एशिया र विश्वमा नै महिला नेत्रित्वको उदाहरणीय नतिजा हुन पुगेको छ। दोस्रो निर्वाचनमा महिला प्रतिनिधिको सङ्ख्यामा उल्लेखनीय वृद्धि भएन तर यो आँकडामा कमि पनि आएन। स्थानीय निकायमा महिला प्रतिनिधित्व को यो नतिजाले नेपाली जन समुदायमा नेपाली महिला शक्तिशाली ओहोदामा पुग्न सक्छन् भन्ने स्थापित गऱ्यो। शक्तिशाली ओहोदामा पुरुष मात्र हुने प्रथालाई यसले चुनौती दियो। उद्देश्य राम्रो भए पनि राजनीतिक दलले नेपालको यो संवैधानिक मर्मको पूरै कदर भने गर्न बाँकी नै छ। प्रत्यक्षमा पुरुषलाई प्राथमिकता र समानुपातिकमा महिला र सिमान्तकृत समुदायका माहिला र पुरुषलाई बन्दसूचीमा राख्दा आफन्त र आफ्ना बफादारलाई मौका दिने अलिखित प्रथा राजनीतिक दलले चलाए। साथै, प्रमुखमा पुरुष र उपप्रमुखमा महिलालाई उम्मेदवार बनाउने चलन सुरु भयो। हालै कोरोना भाइरसको महामारीलेको प्रकोप धेरै कुरामा देखिएको छ। तर नेपालमा छोरीको शिक्षामा भएको प्रगतिमा यसको ठूलो नकारात्मक असर देखिएको छ। रूम टु रिड भन्ने संस्थानको अनुसन्धानअनुसार यसले गर्दा नेपालमा ५२ प्रतिशतभन्दा बढी विपन्न वर्गका किशोरी विद्यालयबाट निकालिएर रोजगारीका लागि विस्थापित हुने अनुमान छ।

नेपालमा गणतान्त्रिक प्रणाली भए पनि पितृ सत्तात्मक र सामन्ती मनस्थिति अझै हावी छ। राजनीतिक क्रान्तिले मात्र नेपालमा पुगेको छैन। एक सामाजिक क्रान्तीको जरुरी छ। यसले लैङ्गिक समानता र समावेशीकरण गणतन्त्रको मूल सिद्धान्त हो भनेर सबैलाई आत्मसात गराउँछ। ऐन कानुन जति बनाए पनि कार्यान्वयनमा नेपाल धेरै पछाडि छ। जबसम्म महिलाको घरेलु कार्यको पनि नगदी मूल्याङ्कन हुँदैन, घरभित्रको स्याहारसुसारको अर्थव्यवस्था राष्ट्रिय अर्थव्यवस्थाको लेखाजोखा गरिँदैन, तबसम्म नेपाली महिलाले देशको आर्थिक प्रणालीमा पुऱ्याएको योगदानको कदर हुँदैन। गणतन्त्रको १५ औ वर्षमा लम्कंदा पनि नेपाली जनताको लडाइँ जारी नै छ। त्यसमा पनि लैंगिक र समाजिक समावेशीकरण पूर्णरूपमा हुन त धेरै बाँकी नै छ।

# बैंकमा करिब पाँच करोड निक्षेप र साढे १८ लाख कर्जा खाता

काठमाडौं, १५ जेठ (रासस)।

आइतबार सार्वजनिक भएको आर्थिक सर्वेक्षण २०७९/८० अनुसार पछिल्ला वर्षमा वित्तीय पहुँच बढ्दै गएको देखिएको छ। मर्जर तथा प्राप्तिका कारण बैंक तथा वित्तीय संस्थाको सङ्ख्या घट्दै गए पनि बैंक तथा वित्तीय संस्थाको शाखा सञ्जाल विस्तार भएको कारण वित्तीय पहुँच वृद्धि हुँदै गएको आर्थिक सर्वेक्षणमा उल्लेख छ। शाखा विस्तारसँगै बैंङ्किङ कारोबार गर्ने जनसंख्या उल्लेख्य बढेको देखिएको छ।

"विक्रम सम्वत २०७९ फागुनसम्ममा बैंक तथा वित्तीय संस्थामा निक्षेप खाता चार करोड ९२ लाख पाँच हजार, कर्जा खाता १८ लाख ५४ हजार, मोबाइल बैकिङ प्रयोगकर्ता दुई करोड ६५ हजार र इन्टरनेट बैंकिङ सेवाका प्रयोगकर्ता १७ लाख ७९ हजार पुगेको छ", आर्थिक सर्वेक्षणमा भनिएको छ, "चालु आर्थिक वर्षको फागुनसम्म २५ हजार कर्जा खाता र ४२ लाख ३३ हजार निक्षेप खाता थप भएका छन्।"

पछिल्ला वर्षमा मर्जर तथा प्राप्तिमार्फत बैंक तथा वित्तीय संस्थाको सङ्ख्या घट्दै गए पनि शाखा विस्तार र वित्तीय पहुँच बढ्दै गएको छ। डिजिटल माध्यमबाट बैंकिङ कारोबार गर्ने प्रवृत्ति बढ्दै गएको छ।

क्युआर कोडमार्फत गरिने भुक्तानीमा उल्लेख्य वृद्धि भएको छ भने विद्युतीय भुक्तानीका अन्य उपकरणमार्फत हुने कारोबारमासमेत बढोत्तरी भएको छ। कोभिड-१९ को असरबाट अर्थतन्त्र क्रमिक रूपमा पुनरुत्थान हुँदै गइरहेकोमा रुस-युक्रेन युद्धको असर र गत आर्थिक वर्ष आयातमा तीव्र वृद्धि हुँदा चालु आर्थिक वर्षमा नेपालको बैकिङ प्रणालीमा तरलता तथा लगानीयोग्य साधनमा कमी आई ब्याजदर बढेको छ।

वित्तीय प्रणालीमा २०७९ फागुन मसान्तमा २१ वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ६४ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक गरी कूल एक सय २० बैंक तथा वित्तीय संस्था सञ्चालनमा रहेका छन्। यसैगरी, दुई पुनरबीमा कम्पनीसहित ३६ बीमा कम्पनी, ३१ हजार तीन सय ७३ सहकारी संस्थाका साथै कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, निक्षेप तथा कर्जा सुरक्षण कोष, सामाजिक सुरक्षा कोष, हुलाक बचत बैंक र म्युचुअल फण्डसमेत सञ्चालनमा छन्।

गत फागुन मसान्तसम्ममा लघुवित्तसमेत बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ११ हजार छ सय २९ पुगेको छ। बैंक तथा वित्तीय संस्थाको शाखाका आधारमा प्रति शाखा औसत जनसङ्ख्या दुई हजार पाँच सय १० रहेको छ। यस्तो जनसङ्ख्या २०७८ फागुनमा दुई हजार पाँच सय ७२ रहेको थियो।

नेपालको वित्तीय प्रणालीको सम्पत्ति तथा दायित्व संरचनामा बैंकिङ क्षेत्रको हिस्सा उच्च रहेको छ। २०७९ पुस मसान्तमा वित्तीय क्षेत्रको कूल सम्पत्ति तथा दायित्व संरचनामा बैंक तथा वित्तीय संस्थाको अंश ८६ दशमलव छ प्रतिशत रहेको छ।

वित्तीय क्षेत्रअन्तर्गत नेपाल राष्ट्र बैंकको अंश १४ दशमलव ७ प्रतिशत र वाणिज्य बैंकको अंश ५८ दशमलव ८ प्रतिशत रहेको छ भने अन्य वित्तीय संस्थाको अंश १३ दशमलव एक प्रतिशत प्रतिशत रहेको छ। यस अवधिमा बैंक तथा वित्तीय संस्थाको निष्क्रिय कर्जा वृद्धि भएको छ। बैंक तथा वित्तीय संस्थाको निष्क्रिय कर्जाको औसत अनुपात २०७८ पुसमा एक दशमलव ३१ प्रतिशत रहेकोमा २०७९ पुसमा दुई दशमलव ६३ प्रतिशत रहेको छ।

विसं २०७९ फागुन मसान्तमा बैंक तथा वित्तीय संस्थाको कूल निक्षेपमा तरल सम्पत्तिको अंश २४ दशमलव ३० प्रतिशत, नगद तथा बैंक मौज्दातको अंश सात दशमलव १६ प्रतिशत र कूल निक्षेप तथा प्राथमिक पुँजीमा कर्जाको अंश ८५ दशमलव ६० प्रतिशत रहेको छ। जोखिम भारित सम्पत्तिको तुलनामा प्राथमिक पुंजी र कुल पुँजीको अनुपात क्रमशः १० दशमलव ०९ प्रतिशत र १२ दशमलव २९ प्रतिशत रहेको छ।

बैंक तथा वित्तीय संस्थाको मर्जर तथा प्राप्तिको प्रक्रिया जारी रहेको छ। बैंक तथा वित्तीय संस्था मर्जर तथा प्राप्ति हुने प्रक्रिया सुरु भएपश्चात् २०७९ फागुनसम्म दुई ५७ बैंक तथा वित्तीय संस्था यस प्रक्रियामा सामेल भएका छन्।

सोमध्ये एक सय ८४ संस्थाको इजाजत खारेज भई ७३ संस्था कायम भएका छन्। चालु आर्थिक वर्षको फागुनसम्म १० वाणिज्य बैंक मर्जर तथा प्राप्तिको प्रक्रियामा संलग्न भई वाणिज्य बैंकको सङ्ख्या २०७९ फागुनसम्म २६ बाट २१ मा झरेको छ। कोभिड-१९ को प्रभाव न्यून भएसँगै आर्थिक वर्ष २०७७/७८ देखि तीव्ररूपमा बढ्दै गएको निजी क्षेत्रतर्फको कर्जाको विस्तार पछिल्लो समय न्यून दरमा वृद्धि भएको आर्थिक सर्वेक्षणमा उल्लेख छ।

आर्थिक वर्ष २०७७/७८ मा २६ दशमलव ३ प्रतिशतले बढेको निजी क्षेत्रतर्फको कर्जा आर्थिक वर्ष २०७८/७९ मा १३ दशमलव ३ प्रतिशतले वृद्धि भएको छ भने आर्थिक वर्ष २०७९/८० को फागुनसम्म चार दशमलव छ प्रतिशतले वृद्धि भएको छ।

## विश्व समाचार

### सर्बियाका राष्ट्रपतिद्वारा सरकार विरोधी प्रदर्शनका कारण झुक्दै

बेलग्रेड, १४ जेठ (रासस/एएनआई)।

सर्बियाको राजधानी बेलग्रेडमा यस महिनाको शुरुमा बेलग्रेड र वरपरका दुईवटा सामूहिक गोलीकाण्डपछि राष्ट्रपति एलेक्सान्डर भुकिकको राजीनामाको माग गर्दै हजारौं मानिस सडकमा उत्रिएर प्रदर्शन गरिरहेका छन्। विरोध प्रदर्शन चौथो हप्तामा प्रवेश गरेको अल जजीरा उल्लेख गरेको छ।

भर्खरै १८ जना व्यक्तिको मृत्यु भएको र थुप्रै घाइते भएका छन्। मे ३ मा बेलग्रेडमा एक किशोरेले नौ विद्यार्थी र एक सुरक्षा गार्डको हत्या गरेका थिए। यो सर्बियाको विद्यालयमा भएको पहिलो सामूहिक गोलीबारीको घटना थियो। त्यसको एक दिन पछि शहर बाहिर २१ वर्षीय व्यक्तिले आठ व्यक्तिको हत्या गरेका थिए।

शनिबार सरकार विरोधी प्रदर्शनकारीले मृतक बालबालिकाको तस्विर बोकेर प्रदर्शन गरेका थिए। आन्दोलनकारीले हिंसात्मक सामग्रीलाई बढावा दिने टेलिभिजन सञ्जालको प्रसारण इजाजतपत्र हटाउनका साथै हिंसा भड्काउने सरकार समर्थक पत्रपत्रिकामाथिको प्रतिबन्ध हटाउन सरकारलाई बारम्बार आग्रह गरेका छन्। यसैबीच राष्ट्रपति एलेक्सान्डर भुकिक आन्दोनका करण झुक्न बाध्य भएका छन्। उनी राजीनामा दिने तयारीमा रहेको बुझिएको छ।

### कीभमा अतिक्रमण शुरु भएदेखिकै सबैभन्दा खतरनाक ड्रोन आक्रमण

कीभ, १४ जेठ (रासस/एएफपी)।

रुसले आक्रमण शुरु भएदेखि शनिबार-आइतबार राति कीभमा "सबैभन्दा महत्वपूर्ण" ड्रोन आक्रमण गरेको सैन्य अधिकारीहरूले बताएका छन्।

विस्फोटक ड्रोनको सङ्ख्या ५४ रहेको युक्रेनको वायुसेनाले टेलिग्राम पोस्टमा उल्लेख गरेको छ। राजधानीलाई लक्षित गरी गरिएका ४० वटा ड्रोन आक्रमणबाट दुई जनाको ज्यान गएको र तीन जना घाइते भएको बताइएको छ।

### मोटरसाइकल ऱ्यालीमा गोली प्रहार हुँदा तीन जनाको मृत्यु, पाँच घाइते

ह्युस्टन, १४ जेठ (रासस/सिन्ह्वा)।

अमेरिकाको न्यु मेक्सिको राज्यको रेड रिभर शहरमा शनिबार आयोजित वार्षिक मोटरसाइकल र्यालीमा गोली चल्दा तीन जनाको मृत्यु भएको छ भने अन्य पाँच जना घाइते भएका छन्।

गोलीबारी गिरोहसँग सम्बन्धित भएको पाइएको रेड रिभरका मेयर लिन्डा काल्होनले स्थानीय सञ्चारमाध्यमलाई बताएका छन्। उनले सो काण्डमा तीन जनाको मृत्यु र पाँच घाइते भएको पुष्टि गरेका छन्।

मे २५ देखि २९ सम्म चल्ने ४१औं वार्षिक रेड रिभर मेमोरियल मोटरसाइकल ऱ्यालीमा "विभिन्न पृष्ठभूमिका २८ हजार मोटरसाइकल" सो ऱ्यालीमा सहभागी भएको वेबसाइटमा उल्लेख छ।

### अमेरिकामा ऋणको सीमा बढाउन "सैद्धान्तिक सम्झौता"

न्युयोर्क, १४ जेठ (रासस/सिन्ह्वा)।

अमेरिकी ह्वाइट हाउस र रिपब्लिकनले विश्वव्यापी चिन्ताको बीचमा सम्भावित जोखिमलाई जोगाउन ऋणको सीमा बढाउन शनिबार "सैद्धान्तिक सम्झौता" गरेका छन्।

यो सहमति एक महत्वपूर्ण कदम हो र यसले आवश्यक सम्झौताको प्रतिनिधित्व गर्दछ, अमेरिकी राष्ट्रपति जो बाइडेनले विज्ञप्तिमा उल्लेख गर्नुभएको छ। "वार्ता टोलीले यसको पाठलाई अन्तिमरूप दिनेछ, सम्झौता हाउस र सिनेटमा जानेछ", राष्ट्रपतिले भन्नुभएको छ।

अमेरिकी सदनका सभामुख केभिन म्याकार्थीले पनि आफ्नो सामाजिक सञ्जालमा यस बारे उल्लेख गर्नु भएको छ।

ऋण सीमा सम्झौताको पाठ आइतबार सांसदलाई उपलब्ध हुनेछ र प्रतिनिधिसभाले बुधबार मतदान गर्नेछ, म्याकार्थीले भन्नुभयो। अमेरिकी ट्रेजरी सेक्रेटरी जेनेट येलेनले शुक्रबार भन्नुभएको छ यदि कांग्रेसले ५ जुनसम्म ऋण सीमा बढाएन वा निलम्बन नगरेमा ट्रेजरी विभागसँग सरकारको दायित्व पूरा गर्न स्रोत पर्याप्त हुने छैनन्।

अमेरिकी कङ्ग्रेसनल रिसर्च सर्भिसका अनुसार दोस्रो विश्वयुद्धपछि ऋणको सीमा १०२ पटक परिमार्जन गरिएको छ।

# संसदीय सुनुवाइ समितिमा प्रतिनिधिसभाका १२ सांसद मनोनित


काठमाडौँ, १४ जेठ (रासस)। प्रतिनिधिसभाको आइतबारको बैठकले संसदीय सुनुवाइ समितिमा रहने १२ जना सांसद मनोनित गरेको छ।

प्रतिनिधिसभाबाट सांसदहरू ईश्वरी घर्ती, ईश्वरीदेवी न्यौपाने, जनार्दन शर्मा, जीवन परियार, डोलप्रसाद अर्याल, पदम गिरी, पशुपति शमशेर जबरा, प्रकाश अधिकारी, महेशकुमार बर्तौला, रमेश लेखक, लीलानाथ श्रेष्ठ र ज्ञानेन्द्रबहादुर कार्की मनोनित हुनुभएको हो।

संसदीय सुनुवाई समितिमा रहने सांसदहरूको नामावलीमाथि प्रतिनिधिसभाको आइतबारको बैठकले बहुमतले सहमति जनाएको हो।

आइतबारै बसेको संघीय संसदको दुवै सदनको संयुक्त बैठकले 'संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८०' पारित गरेको थियो। सोही नियमावलीको व्यवस्थाअनुसार संयुक्त समितिका रुपमा रहेको संसदीय सुनुवाई समितिमा सांसदहरु मनोनित हुनुभएको हो।

# कोशी प्रदेश नामाकरण अस्वीकार : उपेन्द्र यादव


जनता समाजवादी पार्टी, नेपाल
PEOPLE'S SOCIALIST PARTY, NEPAL
केन्द्रीय कार्यालय, बालकुमारी ललितपुर
स्था: २०७७
प.सं. :
च.नं. :
मिति : २०८०।०२।१४

प्रेस विज्ञप्ति

प्रदेश सभाबाट प्रदेश नं. १ को नामाकरण कोशी प्रदेश गरिएकोमा त्यसलाई अस्वीकार गर्दै उक्त नामलाई खारेज गरी ऐतिहासिक पृष्ठभूमि र पहिचानलाई समेत सम्बोधन हुने गरी पुनरनामाकरण गर्न माग गर्दै भई रहेको जनप्रदर्शनमाथि सरकारले दमन गर्ने कार्य तत्काल बन्द गरी समस्याको न्यायोचित सम्बोधन हुने गरी आन्दोलनरत पक्षहरुसँग वार्ताद्वारा समस्याको हल गर्न सरकारसँग अनुरोध गरिन्छ।

उपेन्द्र यादव
अध्यक्ष

**दैनिक समाचारदाता**
**राजविराज, १४ जेठ।** जनता समाजावदी पार्टी नेपालका अध्यक्ष एवं प्रतिनिधिसभा सदस्य उपेन्द्र यादवले प्रदेश नं. १ को नामाकरण कोशी प्रदेश गरिएकोमा त्यसलाई अस्वीकार गरेका छन्।

अध्यक्ष यादवद्वारा आइतबार जारि विज्ञप्तिमा प्रदेशसभाबाट नामाकरण गरिएको कोशी प्रदेशलाई खारेज गरि ऐतिहासिक पृष्ठभूमि र पहिचानलाई समेत सम्बोधन हुने गरी पुनरनामाकरण गर्न माग गरेका छन्।

जारि विज्ञप्तिमा प्रदेशको नामका कारण भइरहेको जनप्रदर्शनमाथी सरकारले दमन गर्ने कार्य तत्काल बन्द गरी समस्याको न्यायोचित सम्बोधन हुने गरी आन्दोलनरत पक्षहरुसँग वार्ताद्वारा समस्याको हल गर्न सरकारसँग अनुरोध समेत गरेका छन्।

# भारत तस्करी गर्न लागिएको मदिरासहित मोटरसाइकल बरामद

**दैनिक समाचारदाता**
**महोत्तरी, १४ जेठ।** महोत्तरी प्रहरीले नेपालबाट भारततर्फ तस्करी गर्न लागिएको ठूलो परिमाणको मदिरा र भारतीय नम्बरको मोटरसाइकल बरामद गरेको छ।

जिल्लाको पश्चिमी सीमावर्ती मनरासिस्वा नगरपालिका ९ स्थित दशगजा क्षेत्रबाट भारततर्फ तस्करी गर्न लागिएको अवस्थामा प्रहरीले २२ कार्टुन मदिरा र एक थान मोटरसाइकल बरामद गरेको हो।

भारतको बिहार राज्यमा मदिरा प्रतिबन्धित रहेको अवस्थामा राति बीआर ३२ बी ८९२७ नम्बरको मोटरसाइकलमा मदिरा नेपालबाट भारततर्फ लैजाँदै गर्दा दशगजा क्षेत्रमा गस्तीका लागि गएको प्रहरी टोलीलाई देखेर तस्कर मोटरसाइकल र मदिरा छाडेर भागेका थिए।

प्रहरीले सीमा क्षेत्रबाट बरामद गरेको मदिरा र मोटरसाइकल आवश्यक कारबाहीका लागि जिल्लाको मूल भन्सार कार्यालय जलेश्वरमा बुझाएको छ।

# आजदेखि महेन्द्रनारायण निधि टि-२० क्रिकेट प्रतियोगिता

**दैनिक समाचारदाता**
**जनकपुरधाम, १४ जेठ।** जनकपुरमा आज अर्थात जेठ १५ देखि २६ गतेसम्म महेन्द्रनारायण निधि टि-२० क्रिकेट प्रतियोगिता-८० हुदैछ।

मधेस प्रदेश क्रिकेट संघ धनुषाले शनिबार जनकपुरधाममा पत्रकार सम्मेलन गरी यही जेठ १५ देखि २६ गतेसम्म प्रतियोगिता आयोजना गर्न लागेको जानकारी दिएको हो।

सङ्घका अध्यक्ष हिरा भगतले मधेस प्रदेश शिक्षा तथा समाज कल्याण मन्त्रालयको प्रमुख सहयोगमा १५ गतेदेखि आयोजना हुने प्रतियोगितामा सातै प्रदेशका एक/एक गरी सात टिमको सहभागिता रहने र खेल राम जानकी बहुउद्देश्यीय खेल मैदानमा खेलाइने जानकारी दिए।

सो अवधिमा २२ वटा खेल हुनेछन्। यसअघि जिल्लास्तरमा आयोजना भएको प्रतियोगिता पहिलो पटक प्रदेशस्तरमा आयोजना गर्न लागेको उनले बताए। प्रतियोगितामा विजेता टिमलाई रु तीन लाख र उपविजेताले रु दुई लाखसहित कप, मेडल र प्रमाणपत्र प्रदान गरिने छ। प्रतियोगिताको कूल लागत कूल ७० लाख लाग्ने अनुमान गरिएको जिल्ला क्रिकेट सङ्घ धनुषाका सचिव आसिसकुमार झाले बताए।

जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले पनि जनकपुरधाममा खेलकुद गतिविधि बढाउने उद्देश्यले यसअघि मेयरकप क्रिकेट प्रतियोगिता सम्पन्न गरिएको र १५ गतेदेखि हुने प्रतियोगिता त्यसकै निरन्तरता भएको बताए।

# नेपालमा अझै १५.१ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि

**दैनिक समाचारदाता**
**काठमाडौँ, १४ जेठ।** नेपालमा अझै १५.१ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको पाइएको छ। आर्थिक सर्वेक्षण २०७९/८० ले यस्तो देखाएको हो। गरिबीको रेखामुनि रहेको ठूलो जनसंख्या अहिले पनि ग्रामीण भेगमा बस्ने गरेको छ।

आर्थिक वर्ष २०७५/७६ मा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्यामा अहिले केही सुधार भने देखिएको आँकडाले देखाएको छ। बहुआयामिक गरिबीको रेखामुनि भने १७.४ प्रतिशत जनसंख्या रहेको छ।

बहुआयामिक गरिबी ग्रामीण भेगमा २८ प्रतिशत जनसंख्या रहेको छ। शहरी क्षेत्रमा १२.३ प्रतिशत जनसंख्या बहुआयामिक गरिबीको रेखामुनि रहेको छ। कर्णालीमा ३९.५ प्रतिशत जनसंख्या बहुआयामिक गरिबीमा छ भने बागमतीमा मात्र ७ प्रतिशत जनसंख्या बहुआयामिक गरिबीमा रहेको रातोपाटीले उल्लेख गरेको छ।

# प्रतिनिधिसभाबाट नीति तथा कार्यक्रम पारित

काठमाडौँ, १४ जेठ (रासस)। नेपाल सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम प्रतिनिधिसभाबाट पारित भएको छ।

प्रतिनिधिसभाको शनिबार बसेको बैठकले नीति तथा कार्यक्रम बहुमतले पारित भएको हो। राष्ट्रपति रामचन्द्र पौडेलले यही जेठ ५ गते सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्दै नीति कार्यक्रम प्रस्तुत गर्नुभएको थियो।

शनिबारको बैठकमा प्रधानमन्त्री दाहाल 'प्रचण्ड'ले नीति कार्यक्रममाथिको छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिनुभएको थियो।


डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

गणतन्त्र दिवस, २०८० भव्यरुपमा मनाऔं
गणतन्त्र दिवस (जेठ १५ गते) को अवसरमा विभिन्न कार्यक्रमको आयोजना गरौं।
लोकतान्त्रिक गणतन्त्रका उपलब्धिलाई संस्थागत गरौं।
संघ, प्रदेश एवं स्थानीय सरकारबीच समन्वय र सहकार्य गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np